"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

प.सं.: ०६६/६८ फोन नं. ०११-४९९४५१

च.नं: फ्याक्स नं. ०११-४९९२३७

सूचना! सूचना! सूचना!

(प्रथमपटक प्रकाशित मिति: २०७७।१०।०३)

**विषय:धर्मकाँटा व्यवसाय सञ्चालनका लागि निवेदन दिने सम्बन्धमा ।**

पाँचखाल नगरपालिकाको सवारी जोखतौल (धर्मकाँटा ) मापदण्ड, २०७७ को अधिनमा रही सवारी साधन जोखतौल व्यवसायको संचालन अनुमतिका लागि इच्छुक व्यवसायी (फर्म वा कम्पनी) हरुले देहायका कागजात संलग्न राखी यस सूचना प्रकाशित भएको १५ दिन भित्र पाँचखाल नगरपालिका कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । आवश्यक रीत नपुगेको एवं म्याद भित्र प्राप्त नभएको निवेदन उपर कुनै कार्यवाही हुने छैन ।

देहाय:

१. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि,
२. तिरो तिरेको रसिदको प्रतिलिपि,
३. उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. जग्गा भाडामा लिएको हकमा बहाल सम्झौताको कागजात,
६. मूल्य अभिवृद्धि क़रको प्रमाणपत्रको प्रतिलिपि,
७. सञ्चालक (प्रोप्राइटर) को नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवं संबद्ध अन्य कागजातहरु ।

व्यवसायीहरुले व्यवसाय सुरुवात गरेपश्चात कम्तिमा १५ प्रतिशत वा सो भन्दा बढी के/कति राजश्व नगरपालिका कार्यालयमा दाखिला गर्ने हो सो कवोल अङ्क निवेदन साथ खुलाउनुपर्नेछ । त्यसरी रितपूर्वक प्राप्त हुने एक भन्दा बढी निवेदन मध्ये सबैभन्दा बढी कवोल अङ्क भएको व्यवसायीलाई छनौट गरिनेछ । छनौट सम्बन्धी सम्पूर्ण अधिकार नगरपालिकाको कार्यालयमा निहित रहनेछ । प्रति ट्रिप रु १०० भन्दा बढी जोखतौल दस्तुर लिन पाईनेछैन । सवारी साधनको प्रकार र भारवहन क्षमताका आधारमा के कति दररेटमा जोखतौल गर्न सकिन्छ प्रत्येक सवारी साधनको प्रकारको आधारमा जोखतौल दर खुलाउनुपर्नेछ । निवेदनसाथ रु १,००,०००/- अक्षेरुपी एक लाख रुपैंया मात्र नगदै धरौटी यस पाँचखाल नगरपालिकाको नाममा नेपाल बैंङ्क पाँचखाल शाखाको धरौटी खाता नं १२४०३००००३००००००००१ मा जम्मा गरी वा सो रकम बराबरको प्रस्ताव पेश गरेको एक बर्षको म्याद भएको बैङ्क ग्यारेन्टी राखी पेश गर्नुपर्नेछ ।

जग्गाको क्षेत्रफलको हकमा कम्तीमा १ रोपनी हुनुपर्नेछ ।

थप जानकारीका लागि सम्पर्क: राजेश बन्जारा, शाखा अधिकृत (९८४९०११७८०)

२०७७/१०/०२

(शिव प्रसाद हुमेगाईं)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत